January 2016

# TODAY

(NEWSLETTER OF EURASIA REIYUKAI)

Year : 4, Vol. 31

www.eurasiareiyukai.com

Smile of The Month



## शुभ-कामना

नयाँ बर्ष सन् २०१६ को सम्पूर्ण यूराशिया रेयूकाई सदस्यहरु, लिडर्सहरु, शुभचिन्तकहरु एवं नागरीक सम्पूर्णमा सुःख शान्ति र समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । बर्ष २०१६ मा सबैजना एक आपसमा मिलेर आफू बसेको घर-परिवार,समाज, देश र विश्व शान्तिको लागी काम लाग्ने कार्यहरु गर्दै जाऔं यही छ हार्दिक मंगलमय शुभकामना ।

युशुन मासुनागा, संस्थापक अध्यक्ष यूराशिया रेयूकाई परिवार

## बर्ष २०१५ लाई फर्केर हेर्दा

### यूराशिया रेयूकाईबाट बर्ष २०१५मा समाजमा काम लाग्ने खालका बिभिन्न कृयाकलापहरु संचालन गर्ने मौका पायौं

### हस्तकला प्रशिक्षण तालिम

मुमा श्रीमती हिरोकु मासुनागाज्यूको सक्रियतामा हस्तकला तालिमको प्रशिक्षक उत्पादन गर्नका लागी बिभिन्न क्षेत्रका महिलाहरुलाई भारतमा यूराशिया रेयूकाई प्रधान कार्यालय सिलिगुढीमा र नेपालमा यूराशिया रेयूकाई नेपाल कार्यालय, सानेपामा हस्तकला प्रशिक्षक तालिम निरन्तर संचालन गरीरहेका छौं । जसको फलस्वरुप प्रशिक्षकहरुले सिकेका शीपहरुलाई आफ्नो क्षेत्र क्षेत्रमा गएर बिभिन्न हस्तकला सम्बन्धि तालिमहरु संचालन गरीरहका छन् ।





### भुकम्प प्रभाबित क्षेत्रमा राहत तथा पुनरनिर्माण

नयाँ बर्षको शुरुवात संगै नेपाल देशमा गएको बिनाशकारी महाभुकम्पबाट ठुलो जनधनको क्षति हुन गयो । त्यस लगतै यूराशिया रेयूकाई संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशन पाई यूराशिया रेयूकाई प्राकृतिक प्रकोप प्रतिरोध समिति कृयाशील भई नेपाल देशको दोखला, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाण्डौं, भक्तपुर, ललितपुर, धादिङ्ग, नुवाकोट जिल्लाका बिभिन्न बिकट क्षेत्रहरुमा गई राहतका कृयाकलापहरु संचालन गर्‍यौं लगतै पुननिर्माणका कार्यहरुमा भोलेन्टिएर सेवा तथा निर्माण सम्बन्धि सामाग्रीहरु हस्तान्तरण गर्ने मौका पाई सक्रियताका साथ पुननिर्माण कार्यमा जुट्यौं साथै राहतका कृयाकलापहरु निरन्तर संचालन गरीरहेका छौं।





### नागरीक सरसफाई अभियान

यूराशिया रेयूकाईबाट प्रत्येक शनिबार नेपाल देशमा र प्रत्येक आईतबार भारत देशमा यूराशिया रेयूकाईका सदस्यहरु र नागरीकहरु संगसंगै मिलि बृहत नागरीक सरसफाई अभियानलाई निरन्तर संचालन गर्ने मौका पाउँदै आईहेकाछौं ।









अन्य सामाजिक कृयाकलापमा हामी यूराशिया रेयूकाईका सम्पूर्ण मिहाता शाखा र समाज बिकास केन्द्रहरुमा नियमिति रुपमा समाजका कामलाग्ने खालका सामाजिक कृयाकलापहरु संचालन गर्दै आईरहेका छौं । बर्ष २०१५ मा गर्ने मौका पाएको कृयाकलापहरुबाट अझ उत्साहित भई बर्ष २०१६मा सदस्यहरु र नागरीकहरु संगसंगै मिलेर बिभिन्न किसिमका कृयाकलाप संचालन गर्दै जानेछौं ।

"म सुखी छु भन्ने भावना लिई अझ अझ समाजका थ्रपै व्यक्तिहरुलाई पनि सुखी बनाउदै जाऔं ।" संस्थापक अध्यक्ष श्री युसुन मासुनागा

# खुशीको अनुभव



यूराशिया रेयूकाई ११औं शाखा होजाशु कमला पन्थी क्षेत्रः काठमाडौं

सबैलाई नमस्कार, मैले रेयूकाईको नाम सानै देखी सुनेको भएता पनि यस संस्थामा २०१० क जनवरीमा मात्र सदस्य हुने मौका पाएँ । यस संस्थामा प्रवेश गरि सकेपछि विभिन्न भेलाहरुमा सहभागी हुने मौका पाएँ । हरेक ९ र १८ तारिखको भेलाहरु र अन्य सामाजिक क्रियाकलापहरुमा सकृय रुपमा सहभागी हुने मौका पाएँ । भेलाहरुमा भाग लिएपछि संस्थापक अध्यक्षज्यूको मार्गनिर्देशनलाई अग्रजहरुबाट ग्रहण गर्ने मौका पाई त्यसलाई आफुले मौकाको रुपमा कार्यान्वयन गर्ने मौका पाइरहेको छु । रेयूकाईको ३ खम्बा पुर्खास्मरण, कर्मको शुद्धिकरण र प्रायश्चित अभ्यास गरी पापलाई परिशोधन गर्ने भन्ने कुराले मेरो मन छोयो र म एउटा महिला भएर पनि आफनो पुर्खाहरुलाई आफैले स्मरण गरी कामना गर्ने मौका पाउने रहेछ भन्ने कुरा थाहा भयो र म अति नै प्रभावित भएं । मेरो ओया आफनै दाजु लक्ष्मण पन्थीज्यूले घर मा सोकाइम्यो विराजमान गरी सूत्रपाठ चढाउने गरेको देखेपछि संगसंगै अभ्यास गर्ने मौका पाएं । म मा सिक्ने भावना, कृतज्ञताको भावना र माफीको भावना विकसित हुदैं गएको महशुस भयो । यस संस्थाबाट हुने क्रियाकलापमा सहभागी हुदै जादा नेपाल देशमा गएको विनाशकारी भूकम्पले भएको क्षति र त्यसमा पुनर्निमाणको काममा र नागरीक सरसफाई अभियानमा निरन्तर क्रियाशिल हुदै आइरहेकी छु । सदस्यहरुसंग एक आपसमा भेट हुंदा नमस्कार, धन्यबाद र माफ गर्नु होला यी शब्दहरु व्यवहारमा लागू गर्नु मेरो लागी एकदमै कठिन कार्य थियो मेरो कमजोरी नै थियो भन्ने कुरा महशुस गरी मिचिविकीले नै यो मेरो कमजोरी भनौ या समस्या यसको समाधान गर्ने बाटो मिचिबिकी हो भन्ने लागेर मिचिविकी गर्ने मौका पाई मिचिबिकी भएका आफना सदस्यहरु र साथीहरुबाट यो अभ्यासको सुभारम्भ गर्ने मौका पाउँदा विस्तारै बानि बस्दै गयो र आफूमा परिवर्तन भएको महशुस भयो । मिचिविकी गरेका सदस्यहरुको घरमा सोकाइम्यो स्थापना गरी संगसंगै सूत्रपाठ चढाउन् मौका पाउँदा ९० जना भन्दा बढी मिचिबिकी गर्न सफल भई गोहो म्यो आत्माग्रहण समारोह सहभागी भई १०० दिनको अभ्यास १०० दिनमा नै पुरा गरी लोकहितकारी बोधिसत्व होजाशु बन्ने मौका पाई आफनै हातले सदस्यहरुको लेखी सदस्यको स्थापना गर्ने र संगसंगै सूत्रपाठ चढाउने मौका पाएको खुशीलाई ब्यक्त गर्ने मौका पाउँदा आफूमा खुशी र सदस्यहरुलाई खुशी र उत्साह प्रदान गर्ने मौका पाईरहेकी छु ।

धन्यवाद नमस्कार ।

## यूवा भेला सन्बन्धि जानकारी

यूराशिया रेयूकाईका सम्पूर्ण मिहाता शाखा र समाज बिकास केन्द्रहरुमा जनवरी २०१५ देखी नेपाल देशमा महिनाको पहिलो शनिबार र भारत देशमा महिनाको पहिलो आईतबारका दिन युवा भेला आयोजना हुने भएकाले १६ बर्षदेखि ४० बर्ष सम्मका युवाहरुलाई आफ्ना सदस्यहरु संगसंगै यूवा भेलामा सहभागी बनौं ।











## सामाजिक कृयाकलापहरु










